२०८२ जेठ २०    कार्यपालिका बैठक कक्ष    बैठक संख्याः १६/२०८१/०८२

आज मिति २०८२ जेठ २० गते मंगलबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

*तपसिलः*

| | | |
|---|---|---|
| [signature] | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| [signature] | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

*अन्य उपस्थितिः*

श्री अरुण कुमार ओली    प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री    आर्थिक प्रशासन शाखा प्रमुख

श्री करण खड्का    इन्जिनियर

श्री झपेन्द्र के.सी    रोजगार संयोजक

[signature]

CamScanner

२०८२ जेठ २०          कार्यपालिका बैठक कक्ष          बैठक संख्याः १६/२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा

२. सुशासन तथा सेवा प्रवाहको समिक्षा

३. गाउँसभाको अधिवेशन आह्वान

४. आर्थिक वर्ष २०८२/८३ लागि नीति तथा कार्यक्रमको लागि सुझाव संकलन

५. आर्थिक वर्ष २०८१/८२ कार्यक्रम संशोधन

६. खानेपानी व्यवस्थापन शिर्षकको रकम खर्च

७. विपद प्रभावितलाई राहत वितरण

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

सबै निर्णयहरु कार्यान्वयन भएको छ ।

निर्णय नं. २,

गाउँपालिकाको कार्यालय र मातहतका कार्यालयहरुको सेवा प्रवाह तथा सुशासनको समिक्षा गरियो । शाखा प्रमुखहरुले सम्बन्धित विषयगत समितिको समिक्षात्मक बैठक बोलाइ समितिको समिक्षात्मक प्रतिवेदन मिति २०८२ जेठ २५ भित्र प्रतिवेदन पेश गर्ने ।

निर्णय नं. ३,

सिस्ने पालिकाको गाउँसभाको सत्रौं अधिवेशनको पहिलो बैठक यही मितिः २०८२ साल असार ५ गते दिनको १:०० बजे बस्ने गरी सभाका सदस्यहरुलाई पत्राचार गर्ने ।सभाको तयारीको लागि २०८२ असार ४ गते कार्यपालिकाको बैठक बोलाउने ।

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

२०८२ जेठ २०        कार्यपालिका बैठक कक्ष        बैठक संख्याः १६/२०८१/०८२

**निर्णय नं. ४,**

आर्थिक वर्ष २०८२/८३ लागि नीति तथा कार्यक्रमको लागि सुझाव संकलन गर्न सरोकारवालाहरुसँग मिति २०८२ साल असार ३ गते दिनको १:०० बजे सिस्ने गाउँपालिकाको सभा हलमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. ५,**

आर्थिक वर्ष २०८१/८२ कार्यक्रम संशोधन प्रस्ताव पेश गर्न आर्थिक प्रशासन र योजना शाखाले यही जेठ ३० गते भित्र बजेट तथा कार्यक्रम समितिलाई पेश गर्ने ।

**निर्णय नं. ६,**

खानेपानी व्यवस्थापन (खर्च शिर्षक नं ३११५६) बाट खर्च लेख्ने गरी वडा नं ६ को अन्तरामूल खानेपानी मर्मत रु. ७५००।- अक्षरेपी पचहत्तर हजार रुपैया मात्र) मर्मत कार्य तत्काल अगाडि बढाउने ।

**निर्णय नं. ७,**

सिस्ने गाउँपालिकाको वन वातावरण तथा विपद व्यवस्थापन समितिले सिफारिस गरे अनुसार राहत प्रदान गर्ने ।

निर्णय प्रमाणित

२०८२।२।२०

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष